नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर

९७७-०१-५४२१३५९
sqccnepal@gmail.com
www.sqcc.gov.np

पत्र संख्या :- २०८३/०८४ | मिति :-२०८३/०४/१४
चलानी नम्बर :- ४४ | नेपाल सम्वत् :- ११४६

**विषयः सफ्टवेयर मार्फत् वासलातमा गहुँ/मुसुरो/तोरी बालीको श्रोत बीउको माग तथा आपूर्ति विवरण प्रविष्ट गर्ने सम्बन्धमा ।**

**श्री नेपाल कृषि अनुसन्धान परिषद् अन्तरगतका गहुँ/मुसुरो/तोरी बालीको श्रोत बीउ उत्पादन गर्ने सबै अनुसन्धान (कार्यक्रम/केन्द्र/निर्देशनालयहरु)।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८३/८४ मा गहुँ/मुसुरो/तोरी बालीको श्रोत बीउ (प्रजनन् र मूल) को वासलात तयारीका लागि तहाँ निकायबाट हुने माग तथा आपूर्ति विवरण मिति २०८३/०४/१४ गते देखि २०८३/०५/१५ गते सम्ममा Digitally Enabled Seed Information System 2.0 (DESIS 2.0) सफ्टवेयरमा प्रविष्ट गर्नुहुन अनुरोध छ । साथै तोकिएको समय सिमाभित्र माग तथा आपूर्ति विवरण प्रविष्ट नगर्ने निकायलाई वासलातमा समावेश नगरिने तथा यस केन्द्रले उक्त सफ्टवेयरमा प्रविष्ट भएको माग तथा आपुर्ति परिमाणको आधारमा वासलात तयार गर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**सफ्टवेयरको वेवसाइट**

seed.sqcc.gov.np मार्फत् लगइन (यस अघि Username र Password लिइसकेकाहरु) वा दर्ता (नयाँ प्रयोगकर्ता) गरी माग तथा आपूर्ति विवरण प्रविष्ट गर्न सकिनेछ । उक्त वेवसाइटमा लगइन वा दर्ता गरिसके पछी Seed Balance Sheet System भित्र गई श्रोत बीउको माग तथा आपूर्ति विवरण प्रविष्ट गर्न सकिनेछ ।

नोटः सफ्टवेयरमा माग तथा आपूर्ति विवरण प्रविष्ट गर्ने क्रममा कुनै समस्या भएमा यस केन्द्रका देहायका कर्मचारीहरुलाई सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

१. रचना देव, बाली विकास अधिकृत, ९८४५१२५०९०
२. मित्र बन्धु भट्टराई, बागवानी विकास अधिकृत, ९८४११९२६५६
३. बाल कुमारी सुनुवार, प्राविधिक सहायक, ९८४३७६८२७७

२०८३।०४।१४

वेनु प्रसाद गुसाई
प्रमुख (रा.प.प्र.प्र.)